कोभिड-१९ को सन्दर्भमा आप्रवासी कामदारहरुको तलब चोरी/कटौती

२०७८

मानव अधिकारका लागि जनमञ्च
(पिपुल फोरम)

कोभिड-१९ को सन्दर्भमा आप्रवासी कामदारहरूको तलब चोरी/कटौती

प्रकाशक

मानव अधिकारका लागि जनमञ्च

(पिपुल फोरम)

कालिकास्थान, काठमाडौं, फोन नं. ०१-४४२३५७३

Email: forum2060@yahoo.com

Website : www.peopleforum.org.np, probononepal.org, facebook: @peopleforumnepal

कोभिड-१९ को सन्दर्भमा आप्रवासी कामदारहरूको तलब चोरी/कटौती

परामर्शदाता : नरेन्द्र प्रकाश खनाल

प्राविधिक सहयोग : अधिवक्ता, सोम लुईटेल

प्रकाशक : मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम)

प्रकाशन वर्ष : २०७८

सहयोग : Open Society Foundation

प्रकाशन प्रति : ५०० प्रति

सर्वाधिकार : प्रकाशकमा रहने छ

मुद्रण : **क्लासिक प्रिन्टिङ सर्भिस**
अनामनगर, काठमाडौं, फोन : ०१-४१०२६०२
classicpress2061@gmail.com)

१. परिचय :

नेपालबाट श्रम स्विकृती लिएर विभिन्न देशहरुमा लाखौंको संख्यामा नेपालीहरु विदेशी भुमिमा श्रम गरिरहेका छन् । त्यस मध्ये पनि ठुलो संख्याका नेपालीहरु मलेसिया तथा खाडी क्षेत्रका देशहरुमा कामको लागि जाने गरेको पाइन्छ ।

राष्ट्रिय योजना आयोगको अनुसार नेपालमा वार्षिक ५ लाख जनशक्ति श्रम बजारमा आउने गरेपनि १० प्रतिशतले मात्र स्वदेशमा रोजगारी पाउने गर्दछन् ।[१] नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२० को तथ्याङ्क अनुसार आ.व. २०५१-५२ देखि २०७६-७७ सम्म ५३,१२,५९३ जना नेपाली कामदार हरुले औपचारिक रुपमा श्रम स्विकृती लिएमा जम्मा ४ प्रतिशत महिला कामदार रहेको पाइन्छ ।

नेपालमा प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगारीको परिभाषा गरिएको छ, जसअनुसार वैदेशिक रोजगारी भन्नाले ***"कामदारले विदेशमा पाउने रोजगार"*** लाई बुझाउँदछ । आप्रवासी कामदार र तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि महासन्धि, १९९० मा आप्रवासी कामदार भन्नाले ***"आफु नागरिक नभएको राष्ट्रमा पारिश्रमिक पाउने क्रियाकलापमा लगाइने, लागेको, वा लगाइएको व्यक्तिलाई सम्झनुपर्छ"*** भनि परिभाषित गरिएको छ । यी दुई परिभाषाहरुको आधारमा पारिश्रमिकका लागि विदेशमा काम गर्न जानुलाई वैदेशिक रो जगारी हो भनि भन्न सकिन्छ ।

कोभिड १९ को कारण आप्रवासी कामदारहरुलाई विशेष असर पुग्न गएको छ । नेपाली आप्रवासी कामदारहरु ठुलो संख्यामा मुख्यतः खाडी क्षेत्रमा रहेको र यो क्षेत्रमा रहेका विभिन्न कम्पनीहरु कोभिड १९ को कारण बन्द भएकाले कामदारहरु बिचल्लीमा परेको अवस्था देखिन्छ । यसले मुख्यतः न्यून कमाई गर्ने आप्रवासी कामदारहरुलाई असर पुऱ्याएको छ । कतिपय कम्पनीहरुले आपतकालीन अवस्थाको फाइदा उठाई कामदारहरुलाई काम बापतको तलब तथा करार बमोजिमको सुविधा समेत प्रदान नगरेको पाइन्छ । बन्दाबन्दीको समयमा सबै न्यायिक निकाय बन्द भएकाले पनि कामदारहरुले आफुले पाउने ज्याला/पारिश्रमिक मुद्दा गरेर लिन पाएनन् ।

कोभिड १९ का कारण कामदारहरुले अचानक रोजगारी गुमाउनुपर्दा शारीरिक तथा मानसिक पीडाबाट गुज्रनुपर्ने अवस्था सिर्जना भएको, आफुले काम गरिसकेर प्राप्त गर्न बाँकी रहेको तलब नपाएको तथा करार भंग हुँदाको अवस्थामा प्राप्त गर्ने सुविधाबाट समेत वञ्चित हुनु परेको अवस्था छ ।

१ पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०७९/८०), राष्ट्रिय योजना आयोग, पृष्ठ ४३७ ।

कामदारहरुको तलब चोरी/कटौतीको समस्या कोभिड १९ को प्रकोप भन्दा अघि पनि रहेको र त्यसको निराकरणको लागि समुचित प्रयास नभइरहेको अवस्थामा हालको दिनहरुमा कोभिड १९ को विश्वव्यापी प्रभावको बहानामा गन्तव्य मुलुकमा तलब चोरी/कटौती (Wage Theft) का घटनाहरु झनै बढ्ने क्रममा रहेको पाइन्छ।

२. उद्देश्य :

कोभिड-१९ महामारीमा हुने तलब चोरी/कटौतीका घटनाहरुबारे जानकारी वृद्धि गर्न, त्यस्ता घटनाहरुलाई निरुपण गर्नको निमित्त उपयुक्त नीति निर्माण गरि लागु गराउने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यो नीतिपत्र तयार गरिएको छ।

३. अध्ययन विधि:

प्रस्तुत नीतिपत्र कामदारको तलब चोरी/कटौती (Wage Theft) को विषयसँग सम्बन्धित उपलब्ध श्रोत सामाग्रीहरुको अध्ययन, प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको अध्ययन, नेपाल सरकार वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार वोर्डद्वारा प्रकाशन गरिएका तथा वेभ साइटमा समावेश गरिएका तथ्य-तथ्याङ्क, मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) द्वारा मार्च ३, २०२१ मा आयोजना गरेको अन्तरक्रिया कार्यक्रम तथा विभिन्न गैरसरकारी संस्थाहरुको छलफलको निश्कर्ष तथा प्रकाशित सामग्रीहरुलाई आधार मानी तयार गरिएको छ।

४. तलब चोरी/कटौतीको परिभाषा :

तलब चोरी/कटौती भन्नाले रोजगारदाताले कानुनले निर्धारण गरे बमोजिमको र करार सम्झौतापत्रमा तोकिए बमोजिमको तलब तथा सुविधा कुनैपनि गैरकानुनी बहाना बनाई आफुले काम लगाएको कामदारलाई उपलब्ध नगराउने कार्यलाई बुझाउँदछ।[२] यसले सामान्यतया थोरै कमाई गर्ने मजदुर र अलेखबद्ध रुपमा रहेका कामदारहरुलाई बढी असर गर्दछ।[३]

Migrant Forum in Asia (MFA) एम.एफ.ए.ले, तलब चोरी भन्नाले "श्रम गरे बापत कामदारले प्राप्त गर्नुपर्ने पारिश्रमिक, पूर्ण वा आंशिक रुपमा प्रदान नगर्नु भन्ने बुझाउँछ" भनी परिभाषित गरेको छ। उक्त पारिश्रमिक, लिखित वा अलिखित रोजगार करार बमोजिम कामदारले श्रम गरे बापत

२ Guiding Principles on Business and Human Rights: Implementing the United Nations 'Protect, Respect and Remedy' Framework (2011), UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER.

३ *What is Wage Theft? Definition and Meaning, MARKET* BUSINESS NEWS, https://marketbusinessnews.com/financial-glossary/wage-theft/, (March 20, 2021, 10:21 am).

प्राप्त गर्दछन् । यस बाहेक तलब चोरीले कामदारलाई तोकेको न्युनतम तलब भन्दा कम तलब दिनु, अतिरिक्त काम (ओभरटाइम) गरेको तलब नदिनु, करारमा तोकिए बमोजिम सेवा सुविधा नदिनु, सल्लाह नगरी तलब कटौती गर्नु र करार समाप्ति पछि पनि तलब बाँकी राख्नु लगायतका विषयहरु पनि समावेश गर्दछ ।

५. तलब चोरी/कटौती (Wage Theft) का आयामहरू :

तलब चोरी/कटौतीका धेरै तरिका हुन सक्दछन् । जुनसुकै तरिका अवलम्बन गरि कामदारको तलब चोरी/कटौती गरे पनि यसबाट मुख्यतः न्यून कमाइ हुने कामदारहरु नै शिकार बन्न पुगेका हुन्छन् । कोभिड १९ को समयमा कामदारलाई काम बापतको उचित तलब प्रदान नगर्ने, आफैले गरेको करारमा उल्लेखित शर्तहरु विभिन्न बहानामा भंग गर्ने समेतका कार्यहरु गरि तलब चोरी/कटौतीका घटनाहरु भइरहेका हुन्छन् । यसरी हुने तलब चोरी/कटौतीलाई देहाय बमोजिम वर्गिकरण गरी हेर्न सकिन्छ :[४]

क. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले कामदारहरुलाई उपलब्ध गराउने भनि तोकेको न्युनतम मापदण्ड भन्दा कम तलब उपलव्ध गराउनु

ख. कामदारहरुले अधिकारको रुपमा पाउने अतिरिक्त (हप्तामा ४० घण्टा भन्दा बढी) काम (ओभरटाइम) गरेको तलब उपलब्ध नगराउनु

ग. कामदारहरुलाई उपलब्ध हुने खाना तथा खाजा खाने समयमा काममा लगाइ तलब उपलब्ध गराउन अस्विकार गर्नु

घ. कानुनमा उल्लेख भएको तथा कामदार नियुक्त गर्दाको अवस्थामा गरिएको करार तथा दुई पक्षहरुका बीचमा हुने सहमती विपरित गैरकानुनी तरिकाले तलब कटौती गर्नु

ङ. कामदारहरुले सेवाग्राहीहरुलाई खुसी पारी तिनीहरुबाट प्राप्त गर्ने टिप्स (अतिरिक्त रकम) उपलब्ध नगराउनु

च. कामदार भर्ना गर्ने समयमा विचौलियालाई कमिसन दिइ कानुनले तोकेको भन्दा कम तलब दिन कबुल गरि सस्तोमा काम गर्न बाध्य पार्नु

---

४ *What is Wage Theft ?,* UCLA Labor Centre, https://www.labor.ucla.edu/wage-theft/#:~:text=It%20is%20a%20major%20problem,theft%20capital%20of%20the%20country;%20Labour%20and%20Workforce%20Development%20Agency,%20labor.ca.gov/laborlawreg.htm, (June 10, 2021, 3:15pm).

६. तलब चोरी/कटौती विरुद्ध कानुनी व्यवस्थाहरु :

कामदारको तलब निर्धारण र भुक्तानीको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रकारका कानुनी व्यवस्थाहरु भएको पाइन्छ। श्रम आप्रवासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुन र प्रचलित नेपाल कानुनमा भएका व्यवस्थाहरु देहाय बमोजिम रहेको पाइन्छ :

क. अन्तर्राष्ट्रिय कानुनी व्यवस्था :

मानव अधिकारहरुको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा २३(२) ले प्रत्येक व्यक्तिले विना भेदभाव समान कार्यको लागी समान पारिश्रमिक पाउने व्यवस्था गरेको छ। त्यसैगरी धारा २३(३) ले काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको लागि मानवीय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाहरुको अधिकार छ, र यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूर्ण गरिने व्यवस्था पनि गरेको छ।

त्यसैगरी **रोजगारका लागि आप्रवासन (पुनरावलोकन गरिएको) महासन्धी**, १९४९ मा रोजगारीको लागि आप्रवासी हुने व्यक्तिहरुको आगमन र प्रस्थानलाई सहजीकरण गर्नुपर्ने व्यवस्थालाई ग्यारेण्टी गर्दै तलब, कार्यघण्टा, अतिरिक्त समय (ओभर टाईम) गरेको कामको भुक्तानी, तलबी बिदा समेतका कुराहरुमा आफ्नो देशका नागरिक सरह आप्रवासी कामदार हरुलाई पनि व्यवहार गर्नुपर्ने कुराको व्यवस्था गरेको छ।[५]

अन्तर्राष्ट्रिय श्रम संगठनको तलब सुरक्षा सम्बन्धी महासन्धी, १९४९ को धारा १२ मा रहेको कामदारको तलब संरक्षणको व्यवस्था अन्तर्गत कामदारहरुले आफ्नो कामबापतको तलब समय समयमा पाउनुपर्ने र कामदारको करार समाप्ति पश्चात् उनीहरुको तलबको अन्तिम छिनोफानो हुनुपर्ने व्यवस्था गरेको छ। त्यसको साथसाथै यो महासन्धिले कस्तो अवस्थामा कामदारको तलब काट्न पाउने र कस्तो अवस्थामा नपाउने भन्ने नीतिगत व्यवस्था समेत गरेको पाइन्छ।[६]

त्यसैगरी **घरेलु कामदार सम्बन्धी महासन्धि**, २०११ मा घरेलु कामदार (महिला /पुरुष) ले समान रुपमा न्युनतम पारिश्रमिक पाउने, काम गर्ने समय, अतिरिक्त काम गर्ने समय, दैनिक एवं साप्ताहिक आराम र प्रचलित नियम अनुसारको वार्षिक बिदा, कम्तिमा महिनाको एक पटक तलब भुक्तानी गर्नुपर्ने समेतको व्यवस्था गरिएको छ।[७]

५ Migration for Employment Convention (Revised), 1949, Art. 6.
६ Convention Concerning the Protection of Wages, 1949.
७ Domestic Workers Convention 2011, Art.10.

ख. राष्ट्रिय कानुनी व्यवस्था :

आप्रवासी नेपाली कामदारहरुसँग सम्बन्धित प्रचलित नेपाल कानुन वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ हाल क्रियाशिल रहेका छन् । यी कानुनहरुमा आप्रवासी कामदार हरुले पाउने तलब तथा सुविधाको बारेमा विभिन्न व्यवस्थाहरु गरिएका छन् । वैदेशिक रोजगार ऐन, २०६४ को दफा २३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगारमा जाने कामदारले पाउने न्यूनतम पारिश्रमिक तोक्न सक्नेछ भन्ने व्यवस्था गरेको छ भने दफा २५ मा वैदेशिक रोजगारको करार गर्नु पर्दा इजाजतपत्रवाला र कामदारबीच वैदेशिक रोजगारका लागि प्रस्थान गर्नुअघि सम्बन्धित मुलुकमा कामदारको सुरक्षाको स्थिति, रोजगारका सेवा, शर्त तथा दुवै पक्षले पालना गर्नु पर्ने शर्त र कामदारले पाउने पारिश्रमिकको सम्बन्धमा कामदारलाई स्पष्टसँग बुझाई करार गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ[८] ।

त्यसैगरी ऐनले इजाजतपत्रवाला कम्पनीलाई जिम्मेवार बनाउँदै दफा ५५ मा कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काममा लगाएमा विभागले इजाजतपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजतपत्रवालाबाट कामदारलाई भराइदिनु पर्नेछ भनि आप्रवासी कामदारहरुको गन्तव्य मुलुकमा हुने तलब चोरी/कटौतीको विषयलाई सम्बोधन गरेको पाइन्छ ।[९]

७. कोभिड १९ को महामारीमा तलब चोरी/कटौती (Wage Theft) को अवस्था र असर:

ILO को रिपोर्ट[१०] अनुसार सन् २०२० मा खाडी क्षेत्रमा मात्रै ६० लाख कामदारहरुले आफ्नो रोजगारी गुमाएको अनुमान गरिएको छ जसमा अधिकांश आप्रवासी कामदारहरु रहेका छन् । त्यसैगरी सन् 2020 सेप्टेम्बर मा प्रकाशित Thomson Returers Foundation को लेखमा कोभिड १९ को कारण दक्षिण एसियाली आप्रवासी कामदारहरुले आफ्नो जागिर गुमाई तलबबाट वञ्चित भएको र करारको अन्त्य हुने अवस्थामा प्राप्त गर्ने सुविधाहरु नपाएको जस्ता विषयहरु प्रमुख रुपमा उल्लेख भएका थिए ।

८ वैदेशिक रोजगार ऐन, २०६४, दफा २५ ।

९ वैदेशिक रोजगार ऐन २०६४, दफा ५५ ।

१० Global Wage Report 2020-21, ILO, https://www.ilo.org/global/research/global-reports/global-wage-report/2020/lang--en/index.htm, (June 15, 2021,12:01 pm).

प्रकाशित उक्त लेखका अनुसार कामदारको तलब चोरी/कटौतीका मुद्दाहरु अप्रिल २०२० महिना देखि जुलाई २०२० सम्म मात्र पहिलेको वर्ष भन्दा ३ गुना बढेको पाइएको छ[११] ।

त्यसैगरी आप्रवासनसँग सम्बन्धित पत्रकार एम.ओ.यु. भुयानले आफ्नो लेखमा उल्लेख गरे अनुसार अप्रिल २०२० देखि अक्टोबर २०२० सम्ममा मात्रै १७००० बंगलादेशी महिला आप्रवासी कामदार कोभिड १९ को महामारी फैलिएपछि रोजगारीको देशबाट जबरजस्ती खाली हात आफ्नो देश फर्कनु परेको छ ।[१२] The Business and Human Rights Resource Center (BHRRC) ले संकलन गरेको तथ्याङ्कका अनुसार सामान्य अवस्थामा तलब चोरीका उजुरीहरु ८० प्रतिशतको हाराहारीमा रहने गरेकोमा सन् २०१९ को यही अवधिमा ४०० प्रतिशत सम्मको वृद्धि भएको पाइन्छ जसमध्ये ७७ प्रतिशतको हाराहारीमा आर्थिक मन्दीको कारण तलब उपलब्ध नभएका विषयहरु रहेका छन्[१३] ।

तसर्थ कोभिडको कारण कम्पनीहरु बन्द हुँदा धेरै कामदारहरुले रोजगारी गुमाएका छन् भने कम्पनीबाट प्राप्त गर्नुपर्ने बाँकी तलब प्राप्त गर्नमा कठिनाइ भएकाले तलब चोरी/कटौतीका मुद्दाहरु ठुलो संख्यामा बढेको पाइएको छ । कोभिड १९ कै कारण हतारमा घर फर्कन चाहने कतिपय कामदारहरुले आफुले भुक्तानी लिनुपर्ने बाँकी रकम माया मारेको कुरा व्यक्त गरेका छन् ।[१४] महामारीले विश्वलाई नै प्रभावित पारेको अवस्थामा साना र गरिब मुलुक तथा त्यहाँका आप्रवासी कामदार झन् धेरै तलब चोरी/कटौतीको शिकार भएका छन् ।

Migrant Forum Asia (MFA) ले महामारीको समयमा आप्रवासी कामदारको न्यायका लागि छुट्टै र प्रभावकारी विधि अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको भएपनि विश्वका धेरै देशहरुमा तलब चोरी/कटौतीको विषयमा छुट्टै ऐन/कानुन निर्माण भएको पाइँदैन । [१५] कामदारहरुको तलब चोरी/कटौतीको विषयलाई कतिपय देशहरुमा कामदार र कम्पनीको बीचको करार सम्झौताबाट

११ Anuradha Nagaraj, Naimul Karim, Ban Barkawi,South Asian Migrant Workers Seek Justice as Wage Theft Worsens under Coronavirus, THOMSON REUTERS, https://www.reuters.com/article/us-india-migrants-wages-insight-trfn-idUSKBN26000L , (June 21, 2021, 10:30 am).

१२ Justice for Migrant Workers: Creating an Effective Solution to Address Wage Theft, Policy Brief No. 1, MIGRANT FORUM IN ASIA, https://mfasia.org/policy-brief-no-1-justice-for-migrant-workers-creating-an-effective-solution-to-address-wage-theft/, (June 15, 2021, 12:09 pm).

१३ Business and Human Rights, Human Rights Due Diligence and COVID-19: Rapid Self-Assessment for Business, UNICEF, UNDP, https://www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/human-rights-due-diligence-and-covid-19-rapid-self-assessment-for-business.html, (July 1, 2021, 10:30 am).

१४ Ramu Sapkota and Upasana Khadka, Wage Theft of Migrants During Pandemic, available at: https://www.nepalitimes.com/latest/wage-theft-of-migrants-during-pandemic/.

१५ MFA, Transitional Justice for Migrant Workers, Responsibilities of Business, Policy Brief 2, Oct 2020, Reflections at a webinar organised by MFA, CCRM and GRFDT on 21 August 2020, https://justiceforwagetheft.org/api/files/1603521715531k3h85e5xrio.pdf

सिर्जीत दायित्व भएकोले देवानी दायित्वको विषयभित्र समावेश गरिएको छ भने कतिपय देशहरुमा एक गम्भीर प्रकृतिको फौजदारी कसुर मानिएको छ। विभिन्न देशहरुमा भएका कानुनी प्रावधानहरुको कार्यान्वयन पक्ष पनि ज्यादै कमजोर र फितलो रहेको र कामदारहरुको तलब चोरी सम्बन्धी मुद्दालाई बेवास्ता गरि आएको पाइन्छ।

नेपालमा पनि यसलाई फौजदारी कसुरको रुपमा व्यवस्था गरिएको छ। नेपालमा प्रचलित कानुन बमोजिम रोजगारदाता कम्पनीहरुले कामदारलाई समयमा भुक्तानी नदिएको अवस्थामा करारको उल्लङ्घन गरेको फौजदारी कसुर मानी जरिवाना असुल उपर गर्नुपर्ने तथा घरेलु कानुन अनुसार कानुनी कारवाही गरी उपचार प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। आप्रवासी कामदारहरुलाई तलब चोरी/कटौतीका बारेमा यथेष्ठ जानकारी नहुने हुँदा धेरैजसो मुद्दाहरु उजुरी नै नगरी समाप्त हुने गरेका छन् । आप्रवासी कामदारहरु विदेशी भुमिमा बसी रोजगारी गर्नुपर्ने हुँदा यो विषयलाई गम्भीरतापूर्वक लिनु पर्ने आवश्यकता रहेको छ।

आप्रवासी कामदारहरुको सम्मानपुर्वक उचित पारिश्रमिक सहित काम गर्न पाउने अधिकार तथा तलब निर्धारणको विषयमा राष्ट्रिय तथा अन्तर र्राष्ट्रियस्तरमा विभिन्न कानुनी व्यवस्था रहेको तथा तलब चोरी नियन्त्रण गर्ने विभिन्न उपायहरु अवलम्बन गरेको भएतापनि नेपाली आप्रवासी कामदारहरु तलब चोरी/कटौती (wage theft) का घटनाहरुमा वैदेशिक रोजगारीको तिनवटै चरण (प्रस्थानको चरण, गन्तव्य मुलुकमा काम गर्दाको चरण र स्वदेश फर्कँदाको चरण) मा पर्ने गरेका छन् ।



श्रोत : पिपुल फोरम (निःशुल्क कानूनी सहायता परियोजना)

प्रस्थानको चरणमा कामदारहरुलाई बढी तलब प्राप्त हुने लोभ देखाई कामदारबाट रकम असुली कम तलबमा करार गरी पठाएर तलब चोरी/कटौती हुने गर्छ भने गन्तव्य मुलुकमा स्वदेशमा गरिएको करार सम्झौता भन्दा कम तलब दिई काम गर्न बाध्य पारिन्छ। त्यसैगरी घर फर्कँदाको चरणमा कतिपय कम्पनीहरुले कम्पनी बन्द भएको वा नोक्सानीमा गएको समेतका विभिन्न बहाना बनाइ तलब चोरी गर्ने गरेका छन्। कामदारहरुको तलब चोरीको विषय सामान्य अवस्थामा भन्दा महामारीको अवस्थामा झनै बढी हुने गरेको पाइएको छ।

सुरक्षित आप्रवासन (सामी) परियोजनाको सहयोगमा मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) द्वारा संचालित निःशुल्क कानूनी सहायता कार्यक्रममा सेवा लिन आएका उजुरीकर्ताहरूको उजुरीको आधारमा नेपाली आप्रवासी कामदारहरू तलब चोरीबाट पीडित भएको देखिन आउँछ। उक्त निःशुल्क कानूनी सहायता अन्तर्गत सन् २०२० जुलाई १६ देखि सन् २०२१ जुलाई १५ सम्म २२० तलब चोरीका उजुरीहरू परेका छन् ।

उल्लेखित तथ्याङ्क संस्थामा उजुरी गर्न आएको आप्रवासी कामदारको संख्यामा आधारित छ। गन्तव्य मुलुकमा तलब चोरीमा परेका तर जानकारीको अभावमा तथा अन्य विविध कारणले उजुरी गर्न नआएका कामदारहरुको संख्या ठुलो रहेको छ । यहीँ तथ्याङ्कको आधारमा पनि कोभिड १९ को समयमा तलबको विषयमा परेका उजुरीहरुले तलब चोरी (Wage Theft) का कारण गन्तव्य मुलुकबाट फर्कि आएका नेपाली आप्रवासी कामदारहरुको दयनिय अवस्था देखाउँछ।



श्रोत : पिपुल फोरम (सुरक्षित आप्रवासन परियोजना)



श्रोत : पिपुल फोरम (सुरक्षित आप्रवासन परियोजना)

८. तलब चोरी/कटौती विरुद्ध न्यायमा पहुचको अभाव :

सम्झौता अनुसार कामदारलाई तलब दिलाउने मूख्य जिम्मेवारी गन्तव्य मूलूकको हो। गन्तव्य मुलुकमा बोलिने भाषाको ज्ञान नहुनु, रोजगारदाता कम्पनीले कामदारको पासपोर्ट जफत गर्ने प्रवृत्ति, आफुलाई कामबाट हटाइएला भन्ने डर, आफ्नो परिवार तथा ऋण प्रतिको चिन्ता जस्ता कारणले कामदारहरूले आफ्नो तलब चोरी भएको विषयमा उजुरी गर्न नसक्ने अवस्था रहेको छ। नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी[१६] नियुक्त गरेको छ। कामदारहरूको हित प्रवर्द्धन गर्नु श्रम

१६ दफा ६८, वैदेशिक रोजगार ऐन, २०६४ ।

सहचारीको मुख्य जिम्मेवारी रहेतापनि नेपाल सरकारको प्रतिनिधिको रुपमा रहेका कुटनैतिक नियोग तथा श्रम सहचारीहरू मार्फत तलब चोरीको विषय पर्याप्त रुपमा सम्बोधन भएको पाइँदैन ।

यसका साथै गन्तव्य मुलुकमा आप्रवासी कामदारहरूको संरक्षणको लागि उचित व्यवस्थापनको अभाव रहेको, विशेषगरी गन्तव्य देशको कानुनी व्यवस्था र हकअधिकारको बारेमा कामदारहरूमा ज्ञान नहुनु, कामदारहरूको कानूनी प्रतिनिधित्व र उजुरी गर्ने भरपर्दो संयन्त्रको अभाव, रोजगारदाताको बीचमा रहेको अस्वस्थ सम्बन्ध, कामदारहरुको हक अधिकार प्रति सचेत नरहेको सुस्त न्याय प्रशासन समेतका कारणहरुले न्यून कमाई भएका कामदारहरु शोषणमा पर्ने गरेको पाइन्छ ।

कोभिड १९ को समयमा झन् अड्डा अदालत र सरकारी निकायहरु सबै बन्द भएको, कामदार हरुको आवागमन रोकिएकोले विद्युतिय माध्यम तथा अनलाइन सेवामा सरकारी कर्मचारी तथा कामदारहरु अभ्यस्त भइनसकेको, कुटनैतिक क्षेत्रलाई कामदार उद्दार गर्नमा नै समय खर्चनु परेको कारण कामदारको तलबको विषयमा ध्यान पुग्न नसकेकोले सबैतिर अस्तव्यस्त अवस्था रहेको बेलामा कामदारहरुको तलब चोरी/कटौतीको विषयमा न्यायमा पहुँचको अवस्था झनै दयनिय रहेको अवस्था छ । महामारी र अन्य सामान्य अवस्थालाई समेत सम्बोधन गर्ने गरी देशको राष्ट्रिय कानुनलाई आप्रवासी कामदार मैत्री बनाई तलब चोरी/कटौती हुन नपाउने बनाउन जरुरी छ ।

८.१ तलब चोरी/कटौती विरूद्ध न्यायमा पहुचका लागि फिलिपिन्सको अभ्यास

फिलिपिन्सको Migrant Workers and Overseas Filipinos Act 1995 मा करार विपरित फरक काम गराएमा इजाजतवाला र रोजगारदाता संयुक्त रूपमा जिम्मेवार हुने र यो जिम्मेवारीको प्रावधान रोजगार करारमा अनिवार्य रूपमा संलग्न हुने व्यवस्था रहेको छ । उजुरी दर्ता भएको ९० दिन भित्रमा रोजगारदाता र कामदार बीच भएको करार सम्बन्धि विवादलाई समाधान गरी कामदारलाई भएको वास्तविक, नैतिक, अनुकरणीय तथा अरु प्रकारका क्षतिपूर्ति भराइदिनुपर्ने प्रावधान रहेको छ ।[१७] गैरकानुनी तवरले कामदार रोजगारीबाट निकाला भएमा भर्ना प्रक्रियामा लागेको शुल्कको साँवा र प्रतिवर्ष १२ प्रतिशत ब्याज सहित रकम फिर्ता; र करार अवधि बाँकी रहेको वास्तविक अवधिको वा करार अवधि बाँकी रहेको प्रत्येक वर्षको तीन महिनाको तलबको दरले कम भएको रकम क्षतिपूर्ति भराइ दिनेछ ।[१८] त्यस्तो अवस्थामा राष्ट्रिय श्रम सम्बन्ध आयोग (National Labour

१७ Migrant Workers and Overseas Filipinos Act of 1995 (Republic Act no. 8042), Section 10, Notwithstanding any provision of law to the contrary, the Labor Arbiters of the National Labor Relations Commission (NLRC) shall have the original and exclusive jurisdiction to hear and decide, within ninety (90) calendar days after filing of the complaint, the claims arising out of an employer-employee relationship or by virtue of any law or contract involving Filipino workers for overseas deployment including claims for actual, moral, exemplary and other forms of damages.

१८ Id., In case of termination of overseas employment without just, valid or authorized cause as defined by law or

Relations Commission) का श्रम मध्यस्तकर्ता (Labour Arbiter) ले सहयोग गर्नेछन् ।

१०. निष्कर्ष र सुझाव

सामान्य अवस्थामा पनि तलब चोरी/कटौती एक जटील समस्याको रुपमा विकास भइरहेको बेला महामारीमा झनै यसले भयावह रुप धारण गर्ने कुरामा कुनै द्विविधा रहेको छैन । तलब चोरीको बारेमा सबै कामदारहरु जानकार नहुनु तथा आपतकालीन अवस्थामा के गर्ने भन्ने ज्ञान नहुनुले पनि कामदारहरु समस्यामा पर्ने गरेको पाइन्छ। जुनसुकै अवस्थामा पनि तलब चोरी भएमा आधिकारिक निकायमा उजुरी गर्न जरुरी छ भन्ने कुराको ज्ञान कामदारहरुमा हुनु जरुरी छ साथै त्यसको निम्ति भरपर्दो सरकारी संयन्त्रको निर्माण गर्नु समेत आवश्यक रहेको छ।

गन्तव्य मुलुकहरूमा कामदारहरूले तलब चोरी/कटौती भएमा त्यस मुलुकमा रहेका नेपाली दुतावास वा कुटनीतिक नियोगहरूबाट सहयोग लिन सक्दछन् । यस विषय नियोगहरूले सहजिकरण गर्दछन् । कामदारहरूले सोही देशको कानुन बमोजिम स्थापित निकायहरूमा समेत उजुरी गरी उपचार प्राप्त गर्न सक्दछन् । त्यसको निम्ति कामदारहरूले गन्तव्य मुलुकमा क्रियाशिल कामदारहरूसँग सम्बन्धित सामाजिक संघसंस्था तथा ट्रेड युनियनहरूको पनि सहयोग लिन सक्छन् ।

त्यसैगरी स्वदेश फर्किसकेपछी नेपालको कानुनबमोजिम स्थापित निकायहरुमा उजुरी दिन सक्दछन् । सो को लागि पिडित कामदारहरुले वैदेशिक रोजगारको क्षेत्रमा क्रियाशिल मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) का साथै अरु विभिन्न संघसंस्थाहरुको सहयोग समेत लिन सकिन्छ। तर ऐनमा रहेको व्यवस्था छिटो छरितो रुपमा विभागले कार्यान्वयन गर्न नसक्नु, कामदारहरुमा उजुरी गर्नुपर्छ भन्ने चेतनाको कमी हुनु र फर्किएका कामदारहरुले आवश्यक प्रमाणहरु संकलन गर्न नसक्नु लगायतका कारणहरुले कठिनाई रहेको छ।

अतः वैदेशिक रोजगारसँग सम्बन्धित सरकारी निकायहरुलाई क्रियाशिल र आफ्नो कार्यप्रति जवाफदेहि र उत्तरदायी बनाउन जरुरी रहेको छ।

११.१ नेपाल सरकारलाई सुझाव :

क. कोभिड १९ को समयमा भएका तलब चोरीका घटनाहरुको तथ्याङ्क संकलन गर्न नेपालमा एक तथ्याङ्क संकलन गर्ने संयन्त्रको विकास गर्ने ।

contract, the workers shall be entitled to the full reimbursement of his placement fee with interest of twelve percent (12%) per annum, plus his salaries for the unexpired portion of his employment contract or for three (3) months for every year of the unexpired term, whichever is less.

ख. तलब चोरीका विभिन्न तरिकाहरुको बारेमा कामदार गन्तव्य मुलुक जानुभन्दा अघि गरिने अभिमुखीकरण तालिमको पाठ्यक्रममा समावेश गरि कामदारलाई जानकारी गराउने ।

ग. कुटनैतिक नियोगहरुलाई चाहिने आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरुलाई तलब चोरीको विषयमा जानकार बनाई कामदारलाई सहज र सरल सेवा उपलब्ध गराउने ।[१९]

घ. नेपालका साथै गन्तव्य मुलुकमा रहेका कामदारहरुले सरल तरिकाबाट उजुरी गर्न पाउने व्यवस्था मिलाउनका लागि अनलाइन निवेदन वा फोनको माध्यम प्रयोग गरी गुनासोहरु संकलन गर्ने र तत्काल सम्बोधनको व्यवस्था मिलाउने ।

ङ. MOU र BLA अन्तर्गतको संयुक्त कमिटीको बैठक राखी गन्तव्य देशसँग तलब चोरीको विषयमा छलफल गर्ने र श्रम सम्झौता गर्दा तलब चोरीको विषयलाई सम्बोधन गर्ने ।

च. गन्तव्य मुलुकमा कार्यरत रहेका आप्रवासी कामदारहरुलाई समेत संगठित हुन पाउने अधिकारको प्रत्याभुति दिलाउने ।

छ. पीडितलाई दोषी ठहऱ्याउने प्रवृत्तिलाई हटाइ पिडकलाई कानूनी दायरामा ल्याउन अत्यावश्यक रहेको छ ।

११.२ गैरसरकारी क्षेत्रलाई सुझाव

क. महामारीको समयलाई सम्बोधन गर्ने तथा तलब चोरीलाई न्युनिकरण गर्न नीति नियमहरु निर्माणको लागि सरकारलाई दबाव दिने ।

ख. महामारीको बेलामा कामदारहरुले प्राप्त गर्ने हक अधिकारहरु र भइरहेका नियम कानुनहरुको बारेमा जनसाधारणलाई जानकारी गराउन चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने र सक्रिय कार्यान्वयनको लागि पहल गर्ने ।

ग. अन्तर्राष्ट्रिय संस्था तथा कुटनीतिक नियोगहरुलाई कामदारको तलब चोरीको विषयलाई सम्बोधन गर्न प्रेरित गर्ने ।

घ. तलब चोरीका मुद्दाहरु संकलन गर्न तथा कानुनी उपचार दिलाउन पहल गर्ने ।

१९ पिपुल फोरम, कोभिड १९ को सन्दर्भमा आप्रवासी कामदारहरुको स्वदेश फिर्ता र पुर्नएकिकरणका लागि नागरिक समाजको नीतिपत्र, २०७७

११.३ विकास साझेदार र अन्तर्राष्ट्रिय निकायहरूबाट गर्नुपर्ने प्रयास

क. गन्तव्य मुलुकहरुमा कोभिड १९ को कारण तलब चोरी/कटौतीमा परेका कामदारहरुको लगत संकलन गर्ने ।

ख. अन्तर्राष्ट्रिय स्तरमा कामदारको गुनासो सुन्ने मजबुत संयन्त्रको निर्माण गरि कामदारलाई भर पर्दो उपचारको व्यवस्था मिलाउन सहयोग गर्ने र दबाव दिने ।

ग. कोभिड १९ को कारण रोजगारी गुमाई घर फर्केका कामदारहरुलाई राहत तथा क्षतिपुर्तिको व्यवस्था मिलाउन एक आपतकालीन सहायता कोषको स्थापना गर्न वकालत गर्ने ।[२०]

घ. उत्पतिको राष्ट्र र गन्तव्य राष्ट्रमा महामारीको अवस्थालाई सम्बोधन गर्न आवश्यक कानुन तथा नीति निर्माण गराउन पहल गर्ने ।

२० MFA, Appeal 3 | COVID-19: A Time for Businesses to Act Responsibly in Ensuring Justice for Migrant Workers, https://mfasia.org/covid-19-a-time-for-businesses-to-act-responsibly-in-ensuring-justice-for-migrant-workers

प्रकाशक

मानव अधिकारका लागि जनमञ्च
(पिपुल फोरम)
कालिकास्थान, काठमाडौं, फोन नं. ०१-४४२३५७३
Email: forum2060@yahoo.com
Website : www.peopleforum.org.np, probononepal.org, facebook: @peopleforumnepal